# <u>पाँचखपन नगरपालिकाको विनियोजन ऐन</u>

**पाँचखपन नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७५

**प्रस्तावना:** पाँचखपन नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पाँचपखन नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** **(१)**यस ऐनको नाम " पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।७६ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७५।७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३२ करोड ३३ लाख २१ हजार मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन:** **(१)** यस ऐनद्धारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।७६ को निमित्त पाँचखपन नगरपालिको गाउँ/नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

# पाँचखपन नगरपालिका

## आ.व.२०७५/७६ अनुमानित आय व्ययको विवरण

रु. हजारमा

| शीर्षक | | गत आ.व. २०७३/७४ को यथार्थ | चालु आ.व.२०७४/७५को संशोधित अनुमान | आ.व.२०७५/७६को अनुमान |
|---|---|---|---|---|
| **आय** | | २९७२२५ | | २८१२८३ |
| | **राजश्वः** | १४१३ | | ५७४३८ |
| | आन्तरिक राजश्व | १४१३ | | ३००० |
| | राजश्व बाडफाँडबाट प्राप्त रकम | ० | | ५४४३८ |
| | अन्य आय | ० | | ० |
| | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | २३७९९४ | | २२३८४५ |
| | नेपाल सरकारबाट प्राप्त | २३७९९४ | | २२०५०० |
| | प्रदेश सरकारबाटा प्राप्त | | | ३३४५ |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | ० |
| | जनसहभागिता | | | ० |
| | **नगद सहभागिता** | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| **व्ययः** | | | | २८१२८३ |
| | चालु खर्च | | | |
| | पूजीगत खर्च | | | |
| | | | | |
| **बजेट बचत(+)/न्यून(-)** | | | | ० |
| | **वित्तिय व्यवस्था** | | | ० |
| | **खद ऋण लगानी** | | | ० |
| | ऋण लगानी(-) | | | ० |
| | ऋण लगानीको सावा फिर्ता प्राप्ती(+) | | | ० |
| | खुद शेयर लगानी | | | ० |
| | शेयर लगानी(-) | | | ० |
| | शेयर विक्रीबाट लगानी फिर्ता प्राप्ती(+) | | | ० |
| | | | | ० |
| | **खुद ऋण प्राप्ती** | | | ० |
| | ऋणको सावाँ भुक्तानी(-) | | | ० |
| | ऋण प्राप्ती(+) | | | ० |
| **अन्तिम बजेट बचत(+)/न्यून(-)** | | | | ० |

# पाँचखपन नगरपालिका

राजश्व तथा अनुदान प्राप्तीको अनुमान

आ.व.२०७५।७६

| शीर्षक | | गत आ.व. २०७४/७५ को यथार्थ | चालु आ.व.२०७४/७५ को संशोधित अनुमान | आ.व. २०७६ को अनुमान |
|---|---|---|---|---|
| **राजश्वः** | | | | |
| **आन्तरिक राजश्वः** | | | | |
| ११३०० | सम्पत्ती कर | | | |
| ११३१० | अचल सम्पत्तीमालाग्ने कर | | | |
| ११३११ | व्यक्तिगत संपत्तिमालाग्ने वार्षिक कर | | | |
| ११३१२ | संस्थागत संपत्तिमालाग्ने वार्षिक कर | | | |
| ११३१३ | एकीकृत सम्पत्ती कर | | | |
| ११३१४ | भूमिकर मालपोत | | | |
| ११३२० | खुद संपत्तीमालाग्ने कर | | | |
| ११३२१ | घर बहाल कर | | | |
| ११३२२ | वहालविरौटी कर | | | |
| | | | | |
| | **राजस्व वाँडफाँडः** | | | ५४४३८ |
| ११४११ | वाँडफाँड भई प्राप्तहुने मूल्यअभिवृद्दि कर | | | |
| ११४२१ | वाँडफाँड भई प्राप्तहुने अन्तशुल्क | | | |
| १४१७१ | वन रोयल्टी | | | |
| १४१७२ | खानी रोयल्टी | | | |
| १४१७३ | जलश्रोत रोयल्टी | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | |
| १४१७६ | पर्यटन सेवाशुल्क रोयल्टी | | | |
| | **अन्यआयः** | | | |
| | साविक स्थानीय निकायवाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गतवर्षको नगदमौज्दात | | | |
| | | | | |
| | **अन्तर सरकारी वित्तय हस्तान्तरणः** | | | |
| | **नेपाल सरकारवाट प्राप्तअनुदानः** | | | २२०५०० |
| | वित्तीय समानिकरण अनुदान | | | ११५७०० |
| | सशर्त अनुदान | | | १०४८०० |
| | समपुरक अनुदान | | | ० |
| | विशेष अनुदान | | | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **प्रदेश सरकारवाट प्राप्त अनुदानः** | | | ३३४५ |
| | वित्तीय समानिकरण अनुदान | | | ३३४५ |
| | सशर्त अनुदान | | | ० |
| | समपुरक अनुदान | | | ० |
| `ि् | विशेष अनुदान | | | ० |
| | | | | |
| | **अन्य स्थानीय तहवाट प्राप्तअनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपुरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |